# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः ७, मितिः २०८१ साल असोज १० गते

भाग -२


## कृषक सञ्जाल गठन तथा सञ्चालन कार्यविधि २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/३०**

**पृष्ठभूमिः**

कृषि क्षेत्रसँग आवद्ध निकायहरूको संलग्नता र सहभागितामा सुचना प्रवाह, जनचेतना, तथ्यांक संकलन, कृषि उपजको बजारीकरण तथा अनुगमनमा सहजीकरण गर्ने उद्देश्यले यस गाँउपालिकाको कृषि उद्यमी, समुह, सहकारी तथा अन्य सरोकारवालाहरुको संलग्नताबाट गठित कृषक सञ्जाल मार्फत कृषि सूचना प्रवाह तथा प्रबिधि प्रचार प्रसार गर्न एक द्वार प्रणाली अनुसार संचालन गर्ने नीति कार्यन्वयन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा अन्नपूर्ण गाँउपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि अन्नपूर्ण गाँउपालिका गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "**कृषक सञ्जाल गठन तथा सञ्चालन कार्यविधि २०८१**" रहेको छ ।

(ख) प्रारम्भ — यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाँउपालिका" भन्नाले अन्नपूर्ण गाँउपालिका भन्ने वुझ्नु पर्दछ ।

(ख) "वडा सञ्जाल" भन्नाले वडा स्तरमा गठन भएको कृषक सञ्जाल भन्ने वुझ्नु पर्दछ ।

(ग) "सञ्जाल" भन्नाले कृषि सम्बद्ध सरोकारवाला संलग्न संस्था भन्ने बुझ्नु पर्दछ ।

(घ) "सदस्य" भन्नाले कृषक सञ्जालको सदस्यलाई जनाउने छ ।

(ङ) "सार्वजनिक निकाय" भन्नाले सरोकारवाला सरकारी संस्थालाई बुझाउनेछ |

(च) "सरोकारवाला" भन्नाले कृषि उपज उत्पादक, कृषक, कृषि समूह, कृषि सहकारी, कृषि सामग्री वितरक, कृषि उपज बिक्रेता, कृषि आबद्ध संघ संस्था आदिलाई बुझाउँछ |

(छ) "कृषि शाखा" भन्नाले गाँउपालिकाको कृषि बिकास शाखालाई बुझाउनेछ।

(ज) सम्बन्धित निकाय भन्नाले अन्नपूर्ण गाउँपालिका वा अन्नपूर्ण गाउँपालिकाको कृषि बिकास शाखालाई बुझाउने छ।

**३. उद्देश्य :**

यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छः

गाँउपालिका क्षेत्र भित्र सम्भावित ब्यवसायिक कृषि उत्पादन तथा आवश्यक कार्यक्रमहरुको पहिचान गरि गाँउपालिकालाई सल्लाह सुझाव पेश गर्ने, तथ्यांक संकलनमा सहयोग तथा सहजीकरण गर्ने तथा सहजीकरण गर्ने, गाउँपालिकाबाट प्रकाशित कृषि कार्यक्रम सम्बन्धी सुचना प्रवाह गर्ने र संचालित कार्यक्रमको अनुगमनको लागि सहयोग गर्ने तथा पृष्ठपोषण दिने ।

## परिच्छेद -२

४. वडास्तरीय कृषक सञ्जाल कार्य समिति गठन :

गाँउपालिकाको प्रत्येक वडामा भेग, बाली, कृषिका विभिन्न क्षेत्र समेटिने गरि आवश्यकता अनुसार कम्तिमा ११ सदस्य सम्मको निम्नानुसारको वडास्तरीय कृषक सञ्जाल रहने छ। जसमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुने छ। मुख्य ५ पदहरुमा कम्तिमा २ जना महिला हुनुपर्नेछ।

संयोजक — १ जना ,
सहसंयोजक — १ जना
सचिव — १ जना

सहसचिब — १ जना

कोषाध्यक्ष — १ जना

सदस्य — ६ जना

सल्लाहकार समिति — वडा अध्यक्ष र सम्बन्धित वडाको कृषि प्राविधिक हुनेछन।

आवश्यकता अनुसार अन्य उपसमिति पनि बनाउन सकिनेछ |

५. वडास्तरीय कृषि सञ्जाल छनौट प्रकृयाः

क. छनौट समिति : वडास्तरीय कृषक सञ्जाल छनौट निम्नानुसारको तीन सदस्यहरुको समितिले सहजीकरण गर्नेछ ।

१. वडा अध्यक्ष

२. वडा सचिव

३. कृषि प्राबिधिक

ख. वडा कृषि भेलाको सूचनाः वडा कार्यालयले न्यूनतम ७ दिन अगाडी वडा कृषक भेलाको सूचना प्रकाशन गर्नेछ। भेलामा उपस्थित भएका कृषक, कृषि उद्यमी, बजारीकरणमा संलग्न व्यक्तित्वहरु साथै कृषक समुह तथा सहकारीमा आवद्ध व्यक्तिहरु वडा सञ्जालको सदस्यमा चयन हुन सक्ने छन।

६. सञ्जालमा रही कार्य गर्न आवश्यक योग्यता :

-१८ बर्ष उमेर पुरा भएको नेपाली नागरिक

- स्वयंसेवाको भावना भई निस्वार्थ सेवा गर्न मन भएको।

- कुनै किसिमको फौजदारी अभियोग नलागेको।

- सम्बन्धित क्षेत्रभित्र कम्तिमा ५ रोपनी क्षेत्रमा कृषि उत्पादन गर्दै आएको, कृषि सामग्री बिक्रि वितरण गरेको वा बजारिकरणमा संलग्न भएको साथै कृषक समुह तथा सहकारीमा आवद्ध भएको।

- वडा भित्र रहेका कृषि र खेती योग्य जमिनको जानकारी भएको।

- कुनै पनि सरकारी निकायमा कार्यरत नभएको, राजनीति दलको प्रमुख पदमा नभएको ।

- वडा समितिले आवश्यक देखेमा निर्वाचित गाँउ सभा सदस्य समेत कृषक भएको भए सञ्जालको संयोजक बन्न बाधा पर्ने छैन|

७. वडास्तरीय  कृषि सञ्जालको छनौट प्रक्रियाः
छनौट समितिले  सम्पुर्ण साधारण सदस्यबाट कृषक भेला गराई सर्वसहमतीबाट कार्यसञ्जाल चयन गर्नेछ। सर्वसहमती हुन नसकेको पदमा साधारण सदस्य मध्येबाट उम्मेदवारी दिने र  साधारण सदस्यहरूबाट नै बहुमत प्रणालीद्वारा छनौट गर्न सकिनेछ वा वडा समितिले मनोनयन गरेर समेत कार्य सञ्जाल चयन गर्न सकिनेछ।

८.प्रमाण पत्र उपलव्ध गराउने : छनौट भएका कार्य सञ्जाल पदाधिकारीहरूलाई अनुसूची - १ बमोजिम प्रमाण पत्र उपलब्ध गराईनेछ।

९. वडा कृषि सञ्जाल कार्यसमितिको काम कर्तव्य र अधिकार :

- वडा स्तरमा रहेका कृषक समूह, सहकारी, फर्म, किसान तथा अन्य सरोकारवालासँग समन्वय गरि समग्र कृषि क्षेत्र बिकासको लागि सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने।
- वडाका कृषकहरुको मूख्य मूख्य माग संकलन गरी वडा समिति र कृषि बिकास शाखामामा पेश गर्ने।
- वडा भित्र कृषि उत्पादनमा प्राकृतिक प्रकोप, रोग, किरा वा अन्य कुनै कारण उत्पादनमा कुनै समस्या आएमा तुरुन्त गाँउपालिका वा गाँउपालिका कृषि बिकास शाखामा जानकारी गराउने।
- गाँउपालिका वाट कृषिसंग सम्बन्धित कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने।
- गाँउपालिकाबाट संचालित कृषि बिकास कार्यक्रम संचालनमा सहजीकरण गर्ने ।
- गाँउपालिका वा अन्य संस्थावाट संचालित कृषि कार्यक्रमहरुको अनुगमन गरी वडा कार्यालय, गाँउपालिका र कृषि शाखालाई जानकारी गराउने ।

१०. सञ्जालको कार्य समिति अवधीः वडा स्तरीय कृषि सञ्जालको कार्य अवधी २ वर्षको हुनेछ।

११. बैठक सम्बन्धी व्यवस्थाः वडास्तरीय कृषक सञ्जाल समितिले आवश्यकता अनुसार बैठक बसन सक्नेछ।

१२. समिति विघटन सम्बन्धी व्यवस्थाः
वडास्तरीय कृषक सञ्जाल समितिले कार्यविधिमा तोकिए बमोजिमको काम सन्तोषजनक गर्न नसकेमा गाउँपालिकाले समिति विघटन गर्न सक्नेछ ।

१३. नियमित कृषि कार्यमा वाधा नहुने : गाँउपालिकाबाट संचालित नियमित कृषि कार्यक्रम संचालनमा कृषि सञ्जालका कारणले मात्र कार्यक्रम संचालनमा बाधा हुने छैन ।

१४. कार्यबिधिमा संशोधन : आवश्यकता अनुसार गाउँपालिका कार्यपालिकावाट कार्यबिधि संशोधन गर्न सकिने छ ।

## अनुसूची १

**(सदस्यलाई उपलब्ध गराउने प्रमाण पत्रको ढाँचा)**
**अन्नपूर्ण गाँउपालिका**
**.........नं. वडा कार्यालय**
कृषक सञ्जालको सदस्यताको
**<u>प्रमाणपत्र</u>**

अन्नपूर्ण गाँउपालिकाको **"कृषक सञ्जाल गठन तथा सञ्चालन कार्यविधि-२०८१"** अनुसार तपाई श्री..................................................लाई..........नं. वडाको कृषक सञ्जाल सदस्यता प्रमाणपत्र उपलव्ध गराईएको छ ।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मितिः २०८१/०५/३०**
**राजपत्रमा प्रकाशन मितिः २०८१/०६/१०**

**आज्ञाले**
**विष्णु प्रसाद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**